प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३३८/२०७१/०७२

निर्णय नं. ७७२

जिल्ला रौतहट, भलोहिया ६ बस्ने प्रविण कुमार शर्मा.......................................१ उजुरीकर्ता

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला विकास समितिको कार्यालय, रौतहट.......................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रौतहट.......................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला रौतहट, भलोहिया ६ बस्ने प्रविण कुमार शर्माले जिल्ला विकास समितिको कार्यालय, रौतहटले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।१२।१३ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७१।१२।१९ च.नं. ७४२ को पत्रबाट जिल्ला विकास समितिको कार्यालय, रौतहटलाई पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्बवत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम्